महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १८ अङ्क : ११ महिना : असार- भदौ, २०७४

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । बलात्कारको घटनालाई जनप्रतिनिधिले नै घटना न्यायिक प्रक्रियामा लैजानु साटो पीडक उम्काउने प्रयास गरेको समाचार कान्तिपुर दैनिकमा साउन २९ गते प्रकाशित भएको पाइएको छ । दिन प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ ।

### लेनदेनमा बलात्कार 'ढाकछोप'

भोजपुर, पडानन्द नगरपालिका, केउरेनीपानीकी एक बालिकामाथि भएको बलात्कार घटना आर्थिक लेनदेनमा मिलाउने प्रयास गरिएको पाइएको छ । स्थानीय तहका जनप्रतिनिधिले नै घटना ढाकछोप गर्न सघाएका छन् ।
१२ बर्षीया बालिकामाथि भएको बलात्कार सात दिनपछि बाहिर आएको हो । साउन ९ गते घर नजिकै बाख्रा चराउन गएकी बालिकालाई दाजु साइनो पर्ने बर्ष ३२ का मेघराज श्रेष्ठले बलात्कार गरेका थिए । उनी मावलीमा बस्दै आएकी थिइन् । एक्कासि बिरामी परेपछि खाँदबारी अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा उनीमाथि बलात्कार भएको खुलेको हो ।

घटना बाहिर आएपछि मेघराज र पीडित परिवारसहित जनप्रतिनिधिहरु दिङ्ला बजारमा बैठक बसे । टोलीले घटना गाउँमै मिलाउने गरी ६० हजार रुपैंया लेनदेन गराएको खुलेको छ । स्रोतका अनुसार छलफलमा पडानन्द नगरपालिकाका मेयर वीरबल राई, उपमेयर मेरिका राई र ८ नम्बरका वडाध्यक्ष किशोर राई र ७ नम्बरका वडाध्यक्ष बुद्धि सिंह राईको उपस्थिति थियो । परिवारभित्र मुद्दामामिला गर्न उचित नहुने भन्दै वडाध्यक्ष किशोर राईले बालिकालाई १० हजार उपचार खर्च र थप ५० हजार रुपैंया बैंक खातामा राखिदिन सहमति गराएको पीडितका हजुरबुबा अवीरबहादुर श्रेष्ठले बताए । यसबारे राईले सबै प्रतिनिधि बसेर सहमति गराइएको बताए ।

मेयर राईले भने आर्थिक लेनदेन हुँदै नभएको बताए । 'दुवै पक्षले परिवाभित्रको कुरा बाहिर नलैजाने भनेपछि समन्वय मात्रै गरेका हौं, लेनदेनको कुरा गलत हो,' उनले भने । जनप्रतिनिधिको यस्तो कार्यले अपराधिक गतिविधि रोक्नुको साटो बढाउन भूमिका खेल्ने भन्दै स्थानीयले आलोचना गरेका छन् । '२० बर्षपछि जनप्रतिनिधि पाइयो, समाजमा शान्ति सुरक्षा होला भन्ने लागेको थियो तर विखण्डनतर्फ डोऱ्याउन थाले,' एक स्थानीयले भने । पीडितका आफन्त र महिला सञ्जालले सदरमुकामस्थित महिला तथा बालबालिका कार्यालयमा घटनाबारे जानकारी गराएका हुन् । प्रहरीले आरोपी श्रेष्ठलाई पक्राउ गरिसकेको छ ।

*-विद्या राई, कान्तिपुर दैनिक २९ साउन २०७४*

अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेको छैन । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेको छैन ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७४ को असार, साउन र भदौं महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका ४० वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित १६ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित २४ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा हत्या, बलात्कार सामूहिक, बलात्कार, कुटपिट, छोरा नजन्माएको आरोपमा घर निकाला, अलपत्र, वेवारिसे लगायतका घटनाहरु महिला र बालबालिकासँग सम्बन्धित रहेको छ ।

## हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार तीन महिनामा १६ वटा महिला हिंसासंग सम्बन्धीत समाचार प्रकाशित छ । त्यसमध्ये १० महिलाको हत्या भएको छ, भने कुटपिटबाट २ पीडित भएका छन् । बलात्कारबाट २ महिला पीडित भएका छन् । बलात्कार पीडित महिला मध्ये एक महिला सामूहिक बलात्कारको शिकार भएकी छिन् । छोरी जन्माएको आरोपमा कुटपिट गर्दै १ महिलालाई घर निकाला गरिएको छ । त्यसैगरी श्रीमान संग झगडा गरेकी १ महिला बेपत्ता भएको समाचार प्रकाशित भएको छ ।




## हिंसामा बालबालिका :

असार देखि भदौ सम्म तीन महिनाको अवधिमा अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २४ वटा पहिचान गरेका छन् । त्यसमध्ये एक नवजात शिशु सहित ६ बालबालिकाको हत्या

भएको छ । बाबुले आमाको हत्या गरेका कारण र आमाले छोडेपछि बाबुले पनि वेवास्ता गरेका कारण १० बालबालिका अलपत्र परेको समाचार प्रकाशित भएको छ । ४ बालिका बलात्कारको शिकार भएका छन् । त्यसैगरी ४ बालबालिका बेपत्ता बेपात्ता भएको समाचार पनि प्रकाशित भएको छ ।




## क्षेत्रगत आधारमा :

असार देखि भदौ तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ९, मध्यमाञ्चल ७, पश्चिामाञ्चल ४, मध्य-पश्चिमाञ्चल ३ र सुदूर-पश्चिमाञ्चलमा ३ रहेको देखिन्छ ।



# कपिलवस्तुमा भिडियो भ्यान सचेतना अभियान




कपिलवस्तु, १८ साउन । भिडियो भ्यान सचेतना कार्यक्रम कपिलवस्तु नगरपालिकाका उपमेयर लक्ष्मी गुप्ताले तौलिहवामा उद्घाटन गरिन गरिन । उद्घाटन कार्यक्रममा बोल्दै उनले भिडियो भ्यान सचेतनाले लैङ्गिक हिंसा न्यूनिकरणमा ठुलो टेवा मिल्ने बताइन । जिल्लामा महिला माथि हुने हिंसा व्याप्त भएको भन्दै यसलाई अन्त्य गर्न विशेष योजनाका साथ अघि बढ्ने स्पष्ट पारिन । बाल विवाह, लैङ्गिक हिंसा जस्ता सन्देशमुलक भिडियो (वृत्तचित्र) तथा नाटक प्रदर्शनले वास्तविक घटनालाई चित्रित गर्ने गरेको भन्दै भिडियो सचेतना कार्यक्रमलाई अभियानका रुपमा लैजानु पर्ने बताइन । लैङ्गिक हिंसा न्यूनिकरणमा महिला हिंसा विरुद्ध ३६५ दिने अभियान अन्तरगत न्यायमा पहुँच परियोजनाले उक्त कार्यक्रम आयोजना गरेको थियो ।



भिडियो भ्यान सचेतनामा महिला हिंसा विरुद्धको ऐक्यवद्धता सयौं जनाले हस्ताक्षर गरेका थिए । कार्यक्रममा महिला माथि हुने हिंसा, वालविवाह सम्बन्धी डकुमेन्ट्री (वृत्तचित्र) प्रर्दशनी गरिएको थियो । कार्यक्रम रेडियो कपिलवस्तुका स्टेशन म्यानेजर दिलिप यादवको सञ्चालनमा भएको थियो । गैरसरकारी संस्था महासंघ कपिलवस्तुका अध्यक्ष प्रविण कुमार श्रीवास्तव, अधिकारकर्मीहरु पुष्पा रेग्मी, माधुरी श्रेष्ठ, मिना परियार, रामदयाल

ठाकुर लगायतले बोल्दै जिल्लामा पहिलो पटक भएको भिडियो भ्यान सचेतना कार्यक्रमलाई जिल्लाभर विस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।



मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को आयोजना संचारिका समूह र जुरी नेपालको सहकार्यमा न्यायमा पहुँच परियोजना कपिलवस्तु, सुनसरी, सिराह, सिन्धुपाल्चोक, दोलखा र रामेछापमा लागु भएको परियोजनाका संयोजक रोश्ली पोखरेलले जानकारी गराइन । परियोजनाले कपिलवस्तु नगरपालिका सहित विभिन्न वडामा कार्यक्रम गरिने जनाउँदै यसको मुख्य उदेश्य भनेको न्यायमा पहुँच पुऱ्याउनु रहेको जानकारी गराइन ।

जिल्लामै पहिलो पटक यस प्रकारका कार्यक्रम राखिएको र नागरिकले राम्रो मानेको परियोजनाका जिल्ला संयोजक जियाउल हक मनिहारले बताए । न्यायमा पहुँचका लागि नसुनिएको आवाज रेडियो कार्यक्रम रेडियो कपिलवस्तुबाट प्रसारण भैरहेको पनि जानकारी गराएका थिए ।

## सीतापुरमा जनतासँग अदालत

सिरहा भदौ ७ । सिरहाको सीतापुरकी कुस्मा देवी यादबले आफ्नै ठाउँमा आफूमाथि भएको ज्यादती पोख्ने मौका पाउनुभयो । त्यो पनि जिल्ला अदालतका मुख्य न्यायधीशसँग ।




उनलाई बोक्सी आरोपमा छिमेकीले कुटपीट गरेका थिए । उनले त्यो घटनामा न्याय पाउँ भनेर अदालतमा मुद्धा पनि हालिन । तर, आरोपीहरु अदालतबाट धरौटीमा रिहा भए । अहिले उनले पुरावेदन गरेर न्यायको अपिल गरेका छन् । सोही जानकारी सहित आफ्नो दुःखेसो उनले जिल्ला अदालत सिरहाका मुख्य न्यायधीश अमृत बहादुर बस्नेतसँग पोखिन । कुस्मादेवी मात्रै होइन सीतापुरकै ममता शाहले पनि आफ्नो गुनासो प्रहरी र अदालतका मुख्य व्यक्तिसँग सिधा राखिन । उनलाई श्रीमान र सासुले घरबाट निकालेका छन् । आफूलाई कुटपीट गरि घरमा बस्न नदिने गरेको गुनासो राख्दै उनले न्यायको लागि अनुरोध गरिन ।

कुस्मादेवी र ममता जस्तै सीतापुरका स्थानीयले महिला र बालिका माथि भएका हिंसामा कसरी न्यायमा पहुँच पुर्याउन सकिन्छ भन्ने विषयमा जिज्ञासा राखेका थिए । यो अवसर मानव अधिकार संचार प्रतिष्ठान नेपाल (इह्रिकने) ले मिलाएको थियो । न्यायमा पहुँच : परियोजना अन्तर्गत हिंसा पीडित महिला र बालिकालाई न्यायको पहुँचसम्म पुर्याउने रहेको थियो । जनतासँग अदालत कार्यक्रम मार्फत जिल्ला अदालत सिरहाका मुख्य न्यायधिश, श्रेष्तेदार र ईलाका प्रहरी कार्यलय लहानका डीएसपीलाई आफ्नै ठाउँमा सिरहाको सीतापुरबासीले भेट्न पाएका हुन् ।

जिल्ला अदालत सिरहाका मुख्य न्यायाधीश अमृत बहादुर बस्नेत आफ्नै गाँउ टोलमा आएपछि सीतापुरबासीले महिला तथा बालबालिकाको न्यायमा पहुँच कसरी हुन्छ भनेर खुलेर सवाल जवाफ पनि गरेका थिए ।

स्थानीयको सवालपछि मुख्य न्यायाधीश बस्नेतले अदालती प्रकृया ढिलो, झन्झटिलो र महंगो छ भनेर अन्याय सहेर नबस्न महिला पुरुषलाई आग्रह गरे । उनले अदालतमा निःशुल्क मुद्दा हेरिदिने वकिल राखेको जानकारी गराउँदै न्यायको लागि अदालत आउदा कुनै झन्झट सहनु नपर्ने भन्दै स्थानीयलाई आश्वस्त परेका थिए ।

## आत्मरक्षा तालिमले किशोरीमा आत्मविश्वास बढ्यो

दोलखा साउन २७ । तामाकोसी गाउँपालिका १, भीरकोटकी सुनिता काकीको दैनिकी पढाईसँगै घरमा आमालाई काम सघाएर बित्ने गर्दथ्यो । तर अहिले उनको दैनिकी फेरिएको छ ।



भीमेश्वर आधारभुत विद्यालयमा कक्षा आठमा अध्ययन गर्ने सुनिता हिजोआज विद्यालय जानु अघि एक घण्टा आत्मारक्षा तालिममा सहभागी हुने गर्छिन् । तालिममा सहभागी भए पछिका दिनमा आफुमा निक्कै आत्माविश्वास बढेको सुनिताको अनुभव छ ।

उनी भन्छिन् कराँते सिक्नु अघि आफुलाई निक्कै कमजोर ठान्थे । तर अहिले आफु र आफ्नो अगाडि हुने आक्रमणको डटेर प्रतिकार गर्न सक्छु भन्ने आत्माविश्वास बढेको छ ।

तामाकोसी गाउँपालिकाकै सरिता कटुवाल पनि आत्मारक्षा तालिममा छिन् । नारायणी माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययन गर्ने सरिता छोरीहरुले आत्मारक्षा तालिममा लिएपछि छोरालाई मात्र बलियो सम्झने हाम्रो समाजको धारणा परिवर्तन हुने दाबी गर्छिन् । उनी भन्छिन् । आत्मरक्षा तालिमले छोरी मान्छेलाई घरबाट निस्कँदा सधै साथी लिएर हिँड्नु पर्छ भन्ने भावनाको अन्त्य गर्न सघाउँछ भन्ने अपेक्षा गरेकी छु ।

न्यायमा पहुँच परियोजना अन्तर्गत मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को आयोजनामा आत्मरक्षा तालिम सञ्चालन भएको हो । दोलखाको तामाकोशी गाउँपालिकाको जफे र भिरकोटमा सञ्चालित तीन महिना चल्ने आत्मारक्षा तालिममा २५ जना किशोरीको सहभागिता रहेको शर्मिला चौहानले जानकारी दिइन ।

तालिमकी प्रशिक्षक सुस्मिता काफ्ले किशोरीहरुले आत्मारक्षाको तालिम लिँदा शारीरिक तन्दुरुस्ती हुनका साथै समाजमा सकरात्मक प्रभाव पार्ने बताउँछिन् । गाउँघरमा यस्तो तालिमको आयोजना गर्दा हरेक महिलाहरुको आत्मावल बढ्नुका साथै महिलामाथि हुने हिंसाको प्रतिकार गर्न र हिंसा नियन्त्रण

गर्न सहयोग पुग्ने प्रशिक्षक सुस्मीताको भनाई छ । आत्मरक्षा तालिम सिरहा, सुनसरी, सिन्धुपाल्चोक, रामेछाप, दोलखा र कपिलवस्तुमा सञ्चालन परियोजना संयोजक रोशली पोखरेलले जानकारी गराइन ।

## Interaction between Public Service Providers and Media held

Kathmandu, July 7, Institute of Human Rights Communication Nepal (IHRICON) has organized an interactive program between ‘Public Service Providers and Media Coalition’ at Kathmandu on July 7, 2017. The interaction program especially focused on the role of media to bring out the problematic issues related to education, health, agriculture, and disaster management from the local level, and the practice of good governance from the public service providers in the problem solving process of local people in Bhaktapur and Lalitpur. Honorable Chairperson of Administrative Court Mr. KashirajDahal, and Honorable Chief Commissioner of Information Commission Mr. Krishna HariBaskota were the Resource Persons in the program.



Photo: Khadak Bahadur Aslami (Magar), IHRICON

'We are in transitional phase in order to implement the new Act and legal provisions those have been about to finalize and implement in the local level' Mr. Dahal addressed to the media people, government officials and newly elected representatives from Bhaktapur and Lalitpur, 'constituency of the local administration offices and hierarchy of the officials and elected representatives, right and responsibilities of them will be finalized very shortly so that all confusion of transitional phase will be resolved.' Mr. Dahal responded to several queries made by administrators and people representatives in the program. Similarly, Mr. Baskotamade his power-point presentation on RTI and the concept of Open Government Partnership (OGP).'All the decisions made by the authority for the general people must be treated as the concept of OGP. There should be fifty-fifty stakes from the authority and public sectors while making the policies like Acts' elaborated by him. 'OGP will help to strengthen the relationship between state and its citizen' Mr. Baskota justified his concept. He bought several example in order to exercise the RTI with its due process of written application quoting the legal provisions. Addressing to the program as closing remarks, Mr. Prem Raj Ojha, Civil Society Director for Civil Society Mutual Accountability Project (CS: MAP)highlighted the need for


Photo: Khadak Bahadur Aslami (Magar), IHRICON

cooperation between government service providers and media for the enhancement of good governance. To make government responsible and transparent on its services by increasing people's participation in the problem solving process in different settings and environment is the major effort of the project, mentioned him. Interaction program was divided into two thematic aspects as governmental provisions in the local offices and Right to Information. The first session was facilitated by Dahal and second by Baskota. Both of them took two hours of time each for elaborating their respective themes.

In the beginning of the program, Mr. KapilKafle, Executive Director gave his opening remarks to welcome all the invitees and highlighted the objectives of the program. He emphasized the role of mass media in strengthening local government institutions. He said that outstanding characteristics of mass media should include immediacy of news, consistency and continuity of information, ability to interpret issues and creating public sphere. According to him, mainstream news media at national level, regional media and local media at the grassroots level can provide public space for negating issues relating to local government institutions. He urged with media personals that they should interpret and investigate issues about which people need more than the basic facts. Media can contribute for making of a social space where people can make their voice heard, senior journalist Kafle added.

With the presence of more than 40 participants, about 30 journalists representing from different national, regional and local media houses, and 10 administrators and people representatives participated to the program. Government offices like District Coordination Committee, District Education Office, District Agriculture Office, and the newly-elected people's representatives from both Bhaktapur and Lalitpur districts shared their views, suggestions and recommendations in the interaction program.

## तस्विरमा किशोरीहरुका लागि आत्मरक्षा तालिम


Reg. 20/1205/057/085

Media for Human Rights and Democracy

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication Nepal

(IHRICON)

प्रमाण-पत्र

कपिलवस्तु जिल्ला महाराजगंज नगरपालिका वार्ड नं. ..०६.. बस्ने ....ममता....कुर्मी.............. ले यस संस्थाद्वारा न्यायमा पहुँच परियोजना अर्न्तगत मिति २०७३/१२/२० देखि २०७४/०३/१९ (३ महिना) सम्म सञ्चालन गरिएको आधारभुत आत्मारक्षा तालिम कार्यक्रममा सहभागी भई सफलापूर्वक तालिम सम्पन्न गर्नु भएकोले हार्दिक बधाई सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

अब्दुल कलाम
मेयर (प्रमुख)
महाराजगंज नगरपालिका
कपिलवस्तु

दल बहादुर नेपाली
प्रशिक्षक

जियाउल हक
जिल्ला संयोजक
IHRICON, Kapilvastu

अमृता लम्साल
अध्यक्ष
मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल
ललितपुर











अध्यक्ष

अमृता लम्साल

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन)

ज्वागल, ललितपुर

सम्पर्क : ००९७७ - ५५४४२०५, ५२६१९०४

E-mail: ihricon@mos.com.np, ihriconihricon@gmail.com

www.ihricon.org.np

Face book: https://www.facebook.com/Institute-of-Human-Rights-Communication-Nepal-IHRICON